# नेपाल सरकार
# जल तथा ऊर्जा आयोगको सचिवालय
# सूचनाको हक सम्बन्धी ऐन, २०६४, को दफा ५(३) बमोजिम जल तथा ऊर्जा आयोगको सचिवालयद्वारा सार्वजनिक गरिएको विवरण

(माघ २०७५ – चैत्र, २०७५)

# १. परिचयः

जल तथा ऊर्जा स्रोतको एकिकृत विकास, ब्यवस्थापन एवं ब्यापक उपयोग गर्ने उद्देश्यले वि.सं. २०३२ मा नेपाल सरकारले जल तथा ऊर्जा आयोगको गठन गरी वि.सं. २०३८ देखि स्थायी सचिवालय समेतको स्थापना गरेको हो । मिति २०४९।३।१५ र मिति २०५५।९।२० मा नेपाल सरकारको निर्णय बमोजिम यस आयोग र सचिवालयको संगठनात्मक स्वरुप एवं कार्यक्षेत्रमा परिमार्जन गरी आयोगलाई देशमा विद्यमान जलस्रोत र ऊर्जाको विकास तथा प्रवर्द्धनको लागि दीर्घकालीन तथा अल्पकालीन नीति/रणनीति निर्माण, आयोजनाहरुको पहिचान/छनोट एवं कार्यान्वयनमा सम्बद्ध सरकारी/गैर सरकारी निकायहरुको साथै दातृ संस्थाहरुसंग समेत समन्वय कायम गरी स्रोतहरुको स्थिति, आवश्यकता तथा प्राथमिकता निर्धारण गर्ने, विभिन्न प्रयोगकर्ताहरुलाई जल तथा ऊर्जाको वितरण गर्ने तथा जल तथा ऊर्जा क्षेत्रमा नेपाल सरकारलाई राय सल्लाह उपलब्ध गराउने केन्द्रीय सरकारी निकायको रुपमा स्थापित गरिएको छ ।

□. **जल तथा ऊर्जा आयोगको संरचना**

(□) उर्जा मन्त्री /राज्य मन्त्री - अध्यक्ष
(□) सदस्य (जलस्रोत हेर्ने) राष्ट्रिय योजना आयोग - सदस्य
(□) सचिव, ऊर्जा मन्त्रालय - सदस्य
(□) सचिव, सिंचाइ मन्त्रालय - सदस्य
(□) सचिव, अर्थ मन्त्रालय - सदस्य
(□) सचिव, सहरी विकास मन्त्रालय - सदसय
(□) सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय- सदस्य
(□) सचिव, खानेपानी तथा सरसफाई मन्त्रालय - सदस्य
(□) सचिव, उद्योग मन्त्रालय - सदस्य
(□) सचिव, बाणिज्य मन्त्रालय - सदस्य
(□) सचिव, आपूर्ति मन्त्रालय - सदस्य
(□) सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय - सदस्य
(□) सचिव, कृषि मन्त्रालय - सदस्य
(□) सचिव, परराष्ट्र मन्त्रालय - सदस्य
(□) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय- सदस्य
(ट) सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय - सदस्य
(ठ) सचिव, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय - सदस्य
(ड) गैर सरकारी क्षेत्रबाट ख्याति प्राप्त जलस्रोत तथा उर्जा विशेषज्ञहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनित दुई जना - सदस्य
(ढ) डीन, त्रिभूवन विश्वविद्यालय, इन्जिनियरिंग अध्ययन संस्थान - सदस्य
(ण) अध्यक्ष, नेपाल इन्जिनियर्स एशोसियशन - सदस्य
(त) प्रतिनिधि, नेपाल उध्योग वाणिज्य महासंघ - सदस्य
(थ) सचिव, जल तथा ऊर्जा आयोगको सचिवालयका - सचिव सदस्य

३. **आयोगको उद्देश्यः** आयोगको उद्देश्य देहाय बमोजिम हुनेछः-

□) जल तथा ऊर्जा क्षेत्रको दीर्घकालीन/ आवधिक योजनाहरुमा समावेश गरिने उद्देश्य तथा नीति निर्धारणमा तालुक मन्त्रालयहरुलाई सहयोग पुऱ्याउने।


□) सिंचाइ, जलविद्‌युत, खानेपानी, पानीको औद्योगिक उपयोग, बाढी व्यवस्थापन र जलपरिवहन सम्बन्धी वहुउद्देश्यीय (ठूला तथा मझौला मात्र) र ठूला तथा मझौला परियोजना प्रवर्द्धन र विकास एवं यस क्षेत्रको वातावरणीय पक्षको संरक्षण समेतका विषयहरुमा सम्बन्धित निकायहरुलाई राय, परामर्श एवं पथ प्रदर्शन गर्ने।

□) जलस्रोत तथा ऊर्जा क्षेत्रको नीति तथा रणनीति तर्जुमा गर्ने।

□) जल स्रोत तथा ऊर्जा सँग सम्बन्धित द्विपक्षीय तथा बहुपक्षीय तथा वहुपक्षीयहरुमा राय सल्लाह तथा परामर्श दिने।

□) जलस्रोत तथा ऊर्जासंग सम्बन्धित द्विपक्षीय तथा वहुपक्षीय विषयहरुमा राय सल्लाह तथा परामर्श दिने।

## ४.	आयोगको संगठन संरचनाः



## ५. सचिवालयका विभिन्न महाशाखाका काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकारहरुः

### १. जलस्रोत महाशाखाका काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकारहरु

१. संपूर्ण नदी a]l;g अध्ययन गरी जलस्रोतको परिमाणको सन्तुलनको अध्ययन कार्य जारी राख्ने।
२. नदी बेसिनहरुको अध्ययनहरुसँग सम्बन्धित तथ्याङ्क÷सूचना÷प्रतिवेदनहरु उपलब्ध गर्ने।
३. डिजाईन निर्देशिका तयार गरी प्रविधिको उन्नतिसंगै पुनरावलोकन तथा सुधार गर्ने।
४. Inter Basin Transfer को संभाव्यता अध्ययन गरी बहुउद्देश्यीय आयोजनाहरुको पहिचान गर्ने।
५. नदीहरुको जलप्रवाहको अनुमान गर्ने प्रक्रियाहरुको विकास गर्ने।
६. नेपाल सरकारबाट सन्चालित मौजुदा तथा सम्पन्न भैसकेका सिंचाइ आयोजनाहरुको शीघ्र मुल्यांकन (Rapid Appraisal) गरी अधिकतम उपलब्धि गराउन सुझावहरु पेश गर्ने।
७. जलस्रोत गुरुयोजनामा सघाउ पु¥याउने तथा जलस्रोत क्षेत्रको आवधिक योजनाहरुको मस्यौदा गर्ने।
८. डिजाइन निर्देशिकाहरु तयार गरी प्रविधिको उन्नतिसंगै पुनरावलोकन तथा सुधार गर्ने।
९. महाशाखासँग संबन्धित विषयमा प्रगति विवरण तयार गरी अन्य आवश्यक Document तयार गर्ने।
१०. महाशाखाका भौतिक साधनहरुको स्याहार संभार एवं मर्मत गर्ने।
११. संकलित तथ्य विवरण, नक्सा, आदिको प्रयोगबाट जलस्रोतको उपयुक्त प्रयोगको लागि a]l;g विकास अध्ययन कार्य चालू राख्ने।
१२. महाशाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।

### २. कानुन तथा संस्थागत विकास महाशाखाका काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकारहरुः

१. जल तथा ऊर्जासंग सम्बन्धित कानुनहरुको ब्याख्या सम्बन्धी राय माग भई आएमा सम्बन्धित निकायहरुमा संपर्क गरी शुरु कार्यवाही गर्ने र स्वीकृत बमोजिम निर्णयको जानकारी दिने।
२. मन्त्रालयमा र सचिवालयका अन्य शाखाहरुलाई आवश्यकता अनुसार कानुनी सल्लाह पु¥याउन शुरु कारवाही गर्ने।
३. जल तथा ऊर्जा सम्बन्धी ऐन, नियम सम्बन्धमा कायम भइसकेका राय वा ब्याख्याहरुको विवरण लगत अद्यावधिक राख्ने।
४. सर्वोच्च अदालतबाट जल तथा ऊर्जा सम्बन्धमा नजिर कायम हुने निर्णयहरुको लगत अद्यावधिक राख्ने।
५. जल तथा ऊर्जा सम्बन्धी द्विपक्षीय सन्धी, सम्झौताहरुको अध्ययन गरी तत्सम्बन्धमा आवश्यक परामर्श दिने।
५. महाशाखा अन्तर्गतका भौतिक साधानहरुको स्याहार, संभार मर्मत तथा संरक्षण गर्ने व्यवस्था मिलाउने।
६. अधीनस्थ कार्यको कार्यप्रगति विवरण तयार गर्ने।

७. सीमा नदीरुको विविध एवं कान्ुनी पक्षको कार्यमा अध्ययन गर्ने र आवश्यक राय प्रदान गर्ने।
८. महाशाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।

## ३. ऊर्जा महाशाखाका काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकारहरुः

१. घरेलु, उद्योग, यातायात, कृषि लगायतका क्षेत्रहरुमा ऊर्जा आपूर्ति बारे प्रारम्भिक पूर्वानुमान सम्बन्धी अध्ययन गर्ने र प्रतिवेदनहरु तयार गर्ने।
२. परम्परागत ऊर्जा, व्यापारिक ऊर्जा, तथा वैकल्पिक ऊर्जा स्रोतको बारेमा जनचेतना वृद्धि गर्न र नीजी क्षेत्रलाई यसमा आकर्षित तुल्याउन सन्चारको माध्यमबाट प्रचार प्रसार गर्ने, सार्वजनिक प्रदर्शनी गर्ने तथा उपयुक्त तालिम दिने जस्ता कार्यक्रमहरु तयार गर्ने।
३. व्यापारिक ऊर्जा, परम्परागत ऊर्जा तथा वैकल्पिक ऊर्जाको क्षेत्रमा कार्यरत अन्य सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रसित सम्पर्क समन्वय राखी कार्य सन्चालन गर्ने।
४. ऊर्जाको न्यूनतम प्रयोग गर्न र इन्धनको आयात घटाउने बारेमा ऊर्जाको प्रभावकारी मापदण्ड तयार गर्ने तथा न्यूनतम लागतमा अधिकतम ऊर्जा खपत गर्ने सम्बन्धमा आवश्यक अध्ययन गर्ने÷गराउने।
५. साना जलविद्युत योजनाहरुमा नीजि क्षेत्रलाई आकर्षित तुल्याउन मागको प्रारम्भिक अनुमान तयार गर्ने तथा स्थलगत अध्ययन गरी रिपोर्टहरु तयार पार्ने।
६. ऊर्जा विकास गर्ने सन्दर्भमा खानी विभाग र अन्य सरकारी, गैरसरकारी निकायमा सम्पर्क राखी उपयोगी तथ्यांक विवरण संकलन गर्ने।
७. विकासशील र विकासोन्मुख राष्ट्रको ऊर्जाको क्षेत्रमा भएको विकासका गतिविधि र अनुमानबाट ऊर्जा खपतमा पर्न जाने प्रभाव बारे अध्ययन कार्य जारी राख्ने र नेपालको सन्दर्भमा उपयुक्त कार्य नीति अवलम्वन गर्न प्रतिवेदन तयार गर्ने।
८. महाशाखाका अन्तर्गतका भौतिक साधनहरुको स्याहार संभार एवं मर्मत गर्ने।
९. महाशाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।

## ४. सामाजिक, आर्थिक तथा वातावरण महाशाखाका काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकारहरुः

१. जलस्रोत तथा ऊर्जासंग सम्बन्धित विभिन्न परियोजनाहरुको सामाजिक, आर्थिक एवं वातावरणीय पक्षको अध्ययन÷अनुसन्धान गरी वातावरणमा प्रतिकूल प्रभाव आउन नदिन उपयुक्त राय÷सुझाव सहित प्रतिवेदन तयार गर्ने।
२. जलविद्युत सिंचाइ तथा जल र ऊर्जासित सम्बन्धित विभिन्न योजनाहरुबाट वातावरणीय प्रभाव पार्न नदिन वा न्यूनीकरण गर्न सुझाव सहितको निर्देशिका तयार गर्ने।
३. हिंमताल विष्फोटनबाट उत्पन्न बाढी प्रकोप (GLOF) को कार्यमा समन्वय र सुपरीवेक्षण गर्ने
४. जल तथा ऊर्जासंग सम्बन्धित योजनाको सम्बन्धमा आवश्यक नीति र कार्यक्रम तयार गर्न राष्ट्रिय योजना आयोग, वन तथा भू–संरक्षण मन्त्रालय तथा अन्य सरकारी र गैरसरकारी निकायसित सम्पर्क कायम राखी कार्य गर्ने।

५. जल तथा ऊर्जासंग सम्बन्धित योजना र कार्यक्रमहरुको आर्थिक तथा वित्तीय क्षेत्रको पुनरावलोकन कार्य गर्ने र प्राप्त सामाग्रीको आधारमा उपयुक्त वित्तीय नीति तर्जुमा गर्ने।

६. आयोजनाहरुको (Cost Benefit Analysis )कार्य गर्ने।

७. विभिन्न क्षेत्रगत (Gross Domestic Product) को अध्ययन गर्ने।

८. ऊर्जा आयात, निर्यातको लागत राख्ने, तेलको विश्व मूल्य वारेमा अध्ययन गर्ने र अद्यावधिक विवरण तयार गर्ने।

९. जलस्रोत र ऊर्जासंग सम्बन्धित महिला कार्यक्रमहरु सन्चालन गर्ने, तथा महिला सहभागितालाई प्रोत्साहन गर्ने।

१०. महिला सहभागिता सम्बन्धी निर्देशिका पुस्तिका तयार गर्ने।

११. वृक्षारोपण कार्यक्रममा सघाउ पु¥याउने र यस बारेमा समयानुकूल सुधार ल्याउन आवश्यक अनुसन्धान गर्ने।

१२. महाशाखा अन्तर्गतका भौतिक सधानहरुको स्याहार, संभार मर्मत तथा संरक्षण गर्ने व्यवस्था मिलाउने।

१३. महाशाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।

## ६. <u>आयोगको काम कर्तव्य र अधिकार</u>

- नेपाल सरकारबाट स्वीकृति हुनु पूर्व बहुउद्देश्यीय, ठूला तथा मझौला जलस्रोत परियोजनाहरुको पुनरावलोकन गर्ने, गराउने र कार्यान्वयनको लागि सिफारिस गर्ने।
- नेपाल सरकारको प्राथमिकता र लक्ष्य अनुरुप जलस्रोत तथा विद्युत विकास सम्बन्धी विविध पक्षहरुको अध्ययन, अनुसन्धान, सर्वेक्षण तथा विश्लेषण गरी आवश्यक नीति तथा रणनीति तर्जुमा गर्ने,गराउने।
- जलस्रोत तथा ऊर्जा विकाससित सम्बन्धित द्विपक्षीय वा बहुपक्षीय आयोजनाहरुको विश्लेषण गर्ने, गराउने र सो सम्बन्धमा नीति तर्जुमा गर्ने तथा त्यस्ता आयोजनाहरुको विस्तृत अध्ययन विश्लेषणको पुनरावलोकन गर्ने।
- जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी आवश्यक कानून तर्जुमा गर्ने, गराउने।
- जलस्रोत तथा ऊर्जा क्षेत्रका राष्ट्रिय र क्षेत्रगत नीतिहरुमा सामन्जस्य एवं समन्वय गर्ने, गराउने।

## ७. <u>सचिवालयको काम कर्तव्य र अधिकार</u>

- राष्ट्रिय जलस्रोत विकास परिषद्को सचिवालयको काम गर्ने।
- एकिकृत जलस्रोत विकास सम्बन्धी नीति निर्माणमा एकरुपता एवं समन्वय ल्याउन राष्ट्रिय जल योजना इकाईको रुपमा काम गर्ने। ईकाइको मुख्य कामको रुपमा राष्ट्रिय जलस्रोत रणनीति तर्जुमा, सोको समसमायिक सुधार र कार्यान्वयन समन्वय तथा अनुगमन रहनेछ।
- जलस्रोत तथा ऊर्जाको आवश्यकता (तत्कालीन र भविष्यको समेत) अध्ययन गर्ने, गराउने।
- समन्वयात्मक रुपमा जल तथा ऊर्जास्रोतको सर्वेक्षण र अन्वेषण कार्य गर्ने, गराउने।
- वहुउद्देश्यीय जलस्रोत सम्बन्धी परियोजनाहरुको नीतिगत अध्ययन तथा नदी बेसिनहरुको जलस्रोत सम्बन्धी गुरु योजना अध्ययन कार्य गर्ने, गराउने।
- जलस्रोत क्षेत्रका सम्पूर्ण वहुउद्देश्यीय, ठूला तथा मझौला परियोजना तर्जुमामा समन्वयकर्ताको काम गर्ने। जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी द्विपक्षीय वा बहुपक्षीय रुपमा भइरहेका अन्तर्राष्ट्रिय प्रयास एवं सन्धि सम्झौताहरुको अध्ययन, अनुसन्धान एवं विश्लेषण गर्ने, गराउने।
- जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी आर्थिक, सामाजिक, प्राविधिक एवं वातावरणीय निर्देशिकाहरु तयार गर्ने कार्यमा सहयोग तथा परामर्श उपलब्ध गराउने।
- जलस्रोत तथा ऊर्जा आयोजनाहरुको बारेमा अन्य निकायहरुबाट तयार गरिएका प्रतिवेदनहरुको अध्ययन गरी राय, सुझाव दिने।
- जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी विभिन्न वातावरणीय, सामाजिक, आर्थिक,लैङ्गिक विषयहरुको अध्ययन, मूल्याङ्कन र विश्लेषण गरी गराई सोही अनुरुप परियोजनाहरुको परिमार्जन गर्न, गराउन सुझाव दिने।
- जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी विविध पक्षमा नेपाल सरकारद्वारा निर्देशित अन्य कार्यहरु गर्ने, गराउने।

- जलस्रोत तथा जलविद्युत परियोजनाहरुको वातावरणीय, सामाजिक र आर्थिक प्रभाव मूल्याङ्कन गर्ने, गराउने।
- आयोगका निर्णयहरु कार्यान्वयन एवं दैनिक कार्य सञ्चालन गर्ने।
- आयोगद्वारा गरिएका निर्णयहरु कार्यान्वयनकोलागि सम्बन्धित निकायहरुलाई अनुरोध गर्ने, कार्यान्वयन भए नभएको अनुगमन गरी आयोगमा प्रतिवेदन पेश गर्ने।
- जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी सूचना तथा तथ्याङ्कहरु संकलन, व्यवस्थापन तथा प्रवाह गर्ने। सचिवालयबाट तयार गरिएका अध्ययन प्रतिवेदन एवं संकलित तथ्याङ्कहरु आवश्यकता तथा औचित्यताको आधारमा उपलब्ध गराउने।
- जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी विभिन्न विषयहरुमा हुने छलफलमा भाग लिन नेपाल सरकारको निकायहरु तथा अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्ने।
- वार्षिक कार्य योजना र बजेट तयार गरी नेपाल सरकारको स्वीकृतिको लागि पेश गर्ने।
- आयोगको बैठकमा छलफल हुने विषयको कार्यसूची एवं तत्सम्बन्धी विवरण तयार गरी बैठक सञ्चालनको व्यवस्था गर्ने।
- देशको जलस्रोत तथा ऊर्जा स्रोतको संरक्षण, विकास सम्बन्धी विभिन्न लाभदायक र उपयोगी कार्यक्रमहरु तयार गर्ने, गराउने।
- स्वदेश तथा विदेशमा प्रकाशित जलस्रोत तथा ऊर्जा संग सम्बन्धित अध्ययन, प्रतिवेदन पुस्तक, पुस्तिका, जर्नल एवं प्रकाशनहरु संकलन गरी पुस्तकालयको सञ्चालन गर्ने।
- आयोगद्वारा निर्देशित अन्य कामहरु गर्ने, गराउने।

**८. आयोगले प्रदान गर्ने सेवाः**

क. माथी बुँदा नं. ६ र ७ मा उल्लिखित कार्य क्षेत्र/काम कर्तव्य अधिकार अन्तर्गतका कार्यहरु, र

ख. सचिवालयको दैनिक प्रशासन सन्चालन सम्बन्धी कार्य

**९. सचिवालयको महाशाखा र जिम्मेवार अधिकारीः**

| सि.न | महाशाखा/शाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| □. | जल तथा ऊर्जा आयोगको सचिवालय | | |
| | सचिवको निजी सचिवालय | सचिव देवेन्द्र कार्की | 4211423 |
| | | पि.ए. कृष्णमान डंगोल | |
| | | कम्प्यूटर अपरेटर शेरबहादुर न्यारतेन (तामाङ) | |
| २. | जलश्रोत महाशाखा | सह-सचिव डा. ऋषि राम शर्मा | 4211429 |
| | | सि.डि.इ. डा. महेश्वर श्रेष्ठ | 4211415 |
| | | सि.डि.इ.जी. श्री माधव देव आचार्थ | 4211415 |
| | | सि.डि.हा. श्री सुरेश मास्के | 4211415 |
| | | सि.डि.इ. श्री सबिना खर्बुजा | 4211415 |

सि.डि.इ. श्री प्रेम कुमार श्रीवास्तव 4211415
सि.डि.इ. श्री बिनोद कुमार चापागाई 4211415
इन्जिनियर श्री सुन्दर कुमार थापा 4211415
इन्जिनियर श्री गायत्री जोशी 4211415

३. ऊर्जा महाशाखा — सह-सचिव श्री जीवछ मण्डल 4211418
सि.डि.इ. श्री सुकदेव चौधरी 4211415
सि.डि.इ. श्री किरण गौतम 4211415
मे.इन्जिनियर श्री एबियन मरासिनी 4211415
इ.इन्जिनियर श्री कर्सन महर्जन 4211415

४. सामाजिक आर्थिक तथा वातावरण महाशाखा सहसचिव श्री डा. ऋषि राम शर्मा
सि.डि.इ. श्री दिनकर खानाल 4211415
क.अधिकृत श्री नारायण प्रसाद ढकाल 4211415
पु.अ. श्री मनोहर सिंह धामी (सूचना शाखा) 4211415

५. कानून तथा संस्थागत विकास महाशाखा श्री कलानिधि पौड्याल 42114१९
क. प्रशासन शाखा — शा.अ. श्री कुमारी तारा घिमिरे 4211415
शा.अ. श्री नविन्द्र नापित 4211415
टा.ना.सु. बालगोविन्द श्रेष्ठ (जिन्सी भण्डार) 4211415
ख. आर्थिक प्रशासन शाखा — उपसचिव श्री शालिग्राम शर्मा पौडेल 4211422
ले.अ. श्री ठाकुरमणी दहाल 4211422
लेखापाल श्री मेघनाथ लुइटेल 42114२२

## १०. सेवा प्राप्त गर्न लाग्ने दस्तूर र अवधिः

सूचना मागको निवेदन दिंदा कुनै शुल्क वा दस्तूर लाग्दैन।

क. सेवा प्राप्त गर्न लाग्ने दस्तूरः
- सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ४ बमोजिमको र
- अन्य विशेष कानुनले तोके बमोजिमको दस्तूर

ख. सेवा प्राप्त गर्न लाग्ने अवधि
- सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७ ले तोकेको अवधि भित्र र
- अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिमको अवधि।

## ११. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

□. निर्णय प्रक्रिया सम्बन्धमाः
□. आयोगले उपलब्ध गराउने सेवा सम्बन्धमा सरकारी निर्णय प्रकृया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।
□. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम
□. निर्णय गर्ने अधिकारी सम्बन्धमाः
□. सचिवालयले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्य सम्बन्धमाः

- म ंत्रि परिषद् मा प्रस्ताव पठाएर।
- माननीय ऊर्जा मन्त्रीस्तरबाट।
- जल तथा ऊर्जा आयोगको सचिवस्तरबाट
- सुशासन (व्यवस्थापन तथा संचालन ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बोम ोजिम, र
- अन्य विशेष ऐन नियमले सचिवले गर्ने भनी तोकेका कामहरु।

सचिवले प्रत्यायोजन गरेको अधिकार बमोजिम तोकिएको पदाधिकारीहरुले।

२. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने।
३. सूचना सम्बन्धमा सचिवालयका सचिवले।

## १२. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

क. आयोगले उपलब्ध गराउने सेवा सम्बन्धमा प्रचलित ऐन कानूनमा तोकिएको व्यवस्था बमोजिम उपलब्ध गराउने।

ख. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम परेको उजुरी सम्बन्धमा सोही ऐनमा तोकिए बमोजिम फछ्‍्यौट गराउने।

## १३. आयोगको सचिवालयले गरेका केही महत्वपूर्ण कार्यहरु

१. राष्ट्रिय जलस्रोत रणनीति, २००२ र सो अनुसारको राष्ट्रिय जल योजना, २००५

२. हिमताल तथा त्यसको विष्फोटनबाट उत्पन्न वाढीको प्रभाव (सन् १९८५ देखि १९९५ सम्म, तर हाल पनि केही काम भइरहेको),

- नेपालको हिमालय क्षेत्रमा भएका विभिन्न हिम नदी तथा हिमतालहरुको सर्वेक्षण, अनुसन्धान तथा अनुगमन गरिएको, ८ हिमतालको प्रारम्भिक अध्ययन र च्छो रोल्पाको विस्तृत अध्ययन,

३. जलउपयोग सूची (१९९०-२०००),

- नेपालका ७५ जिल्लाको विभिन्न क्षेत्रमा गरिएको जल उपयोगको सूच ी तयार गरिएको (तीन दशक अघि, अद्यावधिक गर्नु पर्ने),

४. ऊर्जा खपत तथा आपूर्तिको अध्ययन एवं दीर्घकालीन प्रक्षेपण अध्ययन प्रतिवेदन (२०११-२०१२),

५. जल तथा ऊर्जाको दीर्घकालीन भिजन तर्जुमा कार्य (२०१२-२०१३), आदि

६. विद्‍युत माग प्रक्षेपण (२०१५–२०४०)

## १४. आयोगको सचिवालयवाट संचालन भईरहेका कार्यक्रमहरु

| क्र. सं. | कार्यक्रम /क्रियाकलाप | प्रगति विवरण |
|---|---|---|
| १ | विश्व बैकको अनुदान सहयोगमा सन्चालित नदी वेसिन योजना तथा जल व िद्‍युत विकास गुरु योजना तर्जुमा एवं रणनैतिक वातावरणीय तथा सामाजिक मूल्याङ्कन | इन्सेप्सन रिपोर्ट प्राप्त भएको।साथै सातैवटा प्रदेश स्थित सरोकारवालाहरुसँग छलफल सम्पन्न भएको। |

| | | |
|---|---|---|
| | अध्ययन कार्य। | |
| २ | ऊर्जा सूचना प्रणाली तयार गरी सन्चालनमा ल्याउने कार्य। | परामर्शदाताबाट प्रस्ताव प्राप्त गरिएको। |
| ३ | नेपालको कूल जलविद्युतको संभाव्यताको पुनर्मूल्यांकन गर्ने। | Draft Final Report प्राप्त भएको। |
| ४ | एकिकृत जलस्रोत नीति तथा ऐन तयार गर्ने कार्य। | एकिकृत राष्ट्रिय जलस्रोत नीतिको मस्यौदा तयार भएको।साथै सोही मस्यौदा नीति अनुसार जलस्रोत ऐनको मस्यौदा तयार गर्ने कार्य भइरहेको। |
| ५ | पूर्वाधार आयोजनाहरुको Hydrological विश्लेषण सम्बन्धि Manual तयार गर्ने। | Hydrological Manual तयार भएको। |
| ६ | Energy Audit सम्बन्धी Guidelines तयार गर्ने कार्य। | Progress Report प्राप्त भएको। |
| ७ | जलस्रोत, ऊर्जा, वातावरण तथा कानूनी पक्षका क्षेत्रमा सहयोग पुग्ने वार्ता, गोष्ठी, सम्मेलन, बैठक ईत्यादि कार्यहरु गर्ने। | यस अन्तर्गत नेपाल-भारत जल यातायात सम्बन्धी बैठकले निर्धारण गरे अनुसार दुबै देशबाट Technical Scoping Mission सम्पन्न भएको। |
| ८ | बेरुजु फछर्यौट सम्बन्धी कार्य। | ९७% |
| ९ | नदी नियन्त्रण Manual तयार गर्ने कार्य। | परामर्शदातृ संस्थाहरुबाट Draft Final Report अन्तिम चरणमा रहेको। |
| १० | जल तथा ऊर्जा आयोगलाइ पुनः संरचना गरी अधिकार सम्पन्न बनाइ क्रियाशिल बनाउने कार्य। | जल तथा ऊर्जा आयोगको कर्तव्य र अधिकार सहितको संघीय ढाँचा अनुरुपको संस्थागत पुनः संरचनाको मस्यौदा तयार भएको।सो वाहेक समग्र जलस्रोत तथा विद्युत क्षेत्रको संस्थागत पुनः संरचनाको गृहकार्य पनि भइरहेको। |
| ११ | ऊर्जा क्षेत्रको तथ्य सारांश तयार गरी प्रकाशन गर्ने कार्य। | परामर्शदाताबाट Inception Report प्राप्त गरिएको। |

| | | |
|---|---|---|
| १२ | संघीयतामा ऊर्जा खपत गर्ने कार्य। | परामर्शदाताबाट प्रस्ताव माग गरिएको। |
| १३ | जलवायु विश्लेषण सम्बन्धी अध्ययन कार्य। | TOR तयार भई अध्ययन टोली गठन भएको। |
| १४ | जलस्रोत सूचना प्रणालीलाई अध्यावधिक गर्ने कार्य। | परामर्शदाता नियुक्त भई कार्य अगाडी बढेको। |
| १५ | जलयातायातको सम्भाव्यता अध्ययन सम्बन्धी कार्य | नारायणी/गण्डकी नदीमा जलयातायात संचालनको लागि Pre-feasibility Study गर्न RFP माग गरिएको। |

यी वाहेक जलस्रोत तथा ऊर्जा क्षेत्रका विषयमा आवश्यक अध्ययन, अनुसन्धान, राय परामर्श उपलव्ध गराउने एवं सरकारी तथा गैह्र सरकारी संघ संसथाहरु संगको सहकार्यमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठि तथा अन्य जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने कार्यहरु।

(म.ले.प.फा.नं.१३)

# १५. लेखा शाखाको खर्चको फाँटवारी

नेपाल सरकार
जल तथा उर्जा आयोगको सचिवालय
सिंहदरबार, काठमाडौ
जल तथा उर्जा आयोगको सचिवालय

बजेट उपशीर्षक नं. : ३०८१०१४

## खर्चको फाँटवारी

आ.व. २०७५/७६ चैत महिना

| चैत महिनाको खर्च | चैत महिना सम्मको निकाशा | खर्च । वित्तिय संकेत नं. | खर्च । वित्तिय शीर्षक | अन्तिम बजेट | चैत महिनासम्मको खर्च | बाँकी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | निकाशा |
| ०.०० | १९९,४५९.०० | २९३११ | फर्निचर तथा फिक्चर्स | २००,०००.०० | १९९,४५९.०० | ५४१ | ० |
| ०.०० | ०.०० | २९५११ | मेशीनरी औजार | २००,०००.०० | ०.०० | २००००० | ० |
| ३,७२६,९५४.९० | ३,८१२,८८२.९० | २९७११ | पुंजीगत अनुसन्धान तथा परामर्श | ३२,९००,०००.०० | ३,८१२,८८२.९० | २९०८७११७.१ | ० |
| ०.०० | ०.०० | २९७१२ | सफ्टवेयर निर्माण र खरिद खर्च | ०.०० | ०.०० | ० | ० |
| ३,७२६,९५४.९० | ४,०१२,३४१.९० | | जम्मा | ३३,३००,०००.०० | ४,०१२,३४१.९० | २९२८७६५८.१ | ०.०० |

**कोषको अवस्था**

बैंकको नाम : एकल कोष खाता

जम्मा निकाशा ४,०१२,३४१.९०

जम्मा खर्च ४,०१२,३४१.९०

जम्मा खर्चमध्ये पेश्की बाँकी

म्याद ननाघेको ०.००

म्याद नाघेको

पेश्की बाहेक खुद खर्च ४,०१२,३४१.९०

बैंक खाता नं.

बैंक मौज्दात : ०.००

नगद मौज्दात : ०.००

जम्मा : ०.००

भुक्तानी हुन बाँकी दायित्व ०.००

| तयार गर्ने | सिफारिस गर्ने | स्विकृत गर्ने |
|---|---|---|
| दस्तखत | दस्तखत | दस्तखत |
| नाम : | नाम : | नाम : |
| दर्जा : | दर्जा : | दर्जा : |
| मिति : | मिति : | मिति : |

सह-सचिव

(म.ले.प.फा.नं.१४)

नेपाल सरकार
जल तथा उर्जा आयोगको सचिवालय
सिंहदरबार, काठमाडौं

जल तथा उर्जा आयोगको सचिवालय

# फछ्र्यौट गर्न बाँकी पेश्कीको विवरण

आ.व. २०७५/७६ महिना : चैत

बजेट उपशीर्षक नं. : ३०८१०१३

| पेश्कि लिएको मिति | पेश्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | खर्च शिर्षक | बापत | चालु आर्थिक वर्षको पेश्की | | | गत विगत आर्थिक वर्षको पेश्की | | | जम्मा बाँकी पेश्की | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | म्याद ननाघेको रकम | | म्याद नाघेको | म्याद ननाघेको | | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको |
| | | | | | रकम | फछ्र्यौटको अन्तिम म्याद | | रकम | फछ्र्यौटको अन्तिम म्याद | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १. पदाधिकारी र कर्मचारी पेश्की | | | | | | | | | | | | |
| | कृष्णमान डङ्गोल | | २२७११ | | ६,०००.०० | | | | | ०.०० | ६,०००.०० | ०.०० |
| | बालगोबिन्द श्रेष्ठ | | २१११९ | | ३३०,०००.०० | | | | | ०.०० | ३३०,०००.०० | ०.०० |
| | असय् कुमार यादव | | २२७११ | | ५,०००.०० | | | | | ०.०० | ५,०००.०० | ०.०० |
| | गायत्री जोशी | | २११११ | | ८००,०००.०० | | | | | ०.०० | ८००,०००.०० | ०.०० |
| जम्मा | | | | | १,१४१,०००.०० | | | | | ०.०० | १,१४१,०००.०० | ०.०० |
| २. निर्माण व्यवसायी र व्यक्तिगत पेश्की | | | | | | | | | | | | |
| जम्मा | | | | | ०.०० | | | | | ०.०० | ०.०० | ०.०० |
| ३. प्रतितपत्र पेश्की | | | | | | | | | | | | |
| जम्मा | | | | | ०.०० | | | | | ०.०० | ०.०० | ०.०० |
| ४. संस्थागत पेश्की | | | | | | | | | | | | |
| जम्मा | | | | | ०.०० | | | | | ०.०० | ०.०० | ०.०० |
| कूल जम्मा | | | | | १,१४१,०००.०० | | | | | ०.०० | १,१४१,०००.०० | ०.०० |

तयार गर्ने

नाम :
दर्जा :
मिति :

पेश गर्ने

नाम :
दर्जा :
मिति :

सदर गर्ने

सह-सचिव

नाम :
दर्जा :
मिति :

(म.ले.प.फा.नं.१३)

नेपाल सरकार
जल तथा उर्जा आयोगको सचिवालय
सिंहदरबार, काठमाडौं
जल तथा उर्जा आयोगको सचिवालय

बजेट उपशीर्षक नं. : ३०८१०१३

# खर्चको फाँटवारी

आ.व. २०७५/७६ चैत महिना

| चैत महिनाको खर्च | चैत महिना सम्मको निकाशा | खर्च । वित्तिय संकेत नं. | खर्च । वित्तिय शीर्षक | अन्तिम बजेट | चैत महिनासम्मको खर्च | बाँकी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | निकाशा |
| २४४,८००.०० | १२,१५७,४२४.१० | २११११ | तलब | १६,९००,०००.०० | १२,१५७,४२४.१० | ४७४२५७५.९ | ० |
| ०.०० | ४६२,३३०.०० | २१११३ | महंगी भत्ता | ५००,०००.०० | ४६२,३३०.०० | ३७६७० | ० |
| ०.०० | १४२,०००.०० | २१११९ | अन्य भत्ता | ३००,०००.०० | १४२,०००.०० | १५८००० | ० |
| ०.०० | ०.०० | २११२१ | पोशाक | ३००,०००.०० | ०.०० | ३००००० | ० |
| २०,७८०.०० | ७१,२२५.०० | २२१११ | पानी तथा विजुली | ३००,०००.०० | ७१,२२५.०० | २२८७७५ | ० |
| ०.०० | ७४,४५६.०० | २२११२ | सन्चार महशुल | ३००,०००.०० | ७४,४५६.०० | २२५५४४ | ० |
| ०.०० | ८७४,५९५.४९ | २२२११ | इन्धन | १,३००,०००.०० | ८७४,५९५.४९ | ४२५४०४.५१ | ० |
| १५९,२५३.५० | ७९८,८५४.३० | २२२१२ | संचालन तथा मर्मत संभार | १,३००,०००.०० | ७९८,८५४.३० | ५०११४५.७ | ० |
| ७१,९१३.२० | ७१,९१३.२० | २२२१३ | बीमा | ४००,०००.०० | ७१,९१३.२० | ३२८०८६.८ | ० |
| २,१९५.०० | ५४३,७३८.०० | २२३११ | कार्यालय सम्बन्धी खर्च | १,२००,०००.०० | ५४३,७३८.०० | ६५६२६२ | ० |
| १६,१४७.०० | २८,३२८.०० | २२३१३ | पुस्तक तथा सामग्री खर्च | १००,०००.०० | २८,३२८.०० | ७१६७२ | ० |
| ०.०० | ३३२,३०४.७६ | २२३२१ | निर्मित सार्वजनिक सम्पत्तीको मर्मत सम्भार खर्च | ६००,०००.०० | ३३२,३०४.७६ | २६७६९५.२४ | ० |
| ०.०० | २८,९९९.९८ | २२४११ | सेवा र परामर्श खर्च | २००,०००.०० | २८,९९९.९८ | १७१०००.०२ | ० |
| ६७,१५२.०० | १,९२०,९८४.०० | २२४१२ | अन्य सेवा शुल्क | २,९००,०००.०० | १,९२०,९८४.०० | ९७९०१६ | ० |
| ०.०० | ०.०० | २२५११ | कर्मचारी तालिम | ३००,०००.०० | ०.०० | ३००००० | ० |
| ०.०० | ६३,०००.०० | २२५१२ | सीप विकास र जनचेता तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ३००,०००.०० | ६३,०००.०० | २३७००० | ० |
| ३००,०००.०० | ३४८,१२५.०० | २२५२२ | कार्यक्रम खर्च | १,७००,०००.०० | ३४८,१२५.०० | १३५१८७५ | ० |
| ६५,१५०.०० | २५५,१००.०० | २२६११ | अनुगमन मुल्यांकन र भ्रमण खर्च | ५००,०००.०० | २५५,१००.०० | २४४९०० | ० |
| ०.०० | ६३,७५०.०० | २२६१२ | भ्रमण खर्च | १००,०००.०० | ६३,७५०.०० | ३६२५० | ० |
| १९,२१०.०० | २२१,२०४.०० | २२७११ | विविध खर्च | ३००,०००.०० | २२१,२०४.०० | ७८७९६ | ० |
| ९६६,६००.७० | १८,४५८,३३१.८३ | | जम्मा | २९,८००,०००.०० | १८,४५८,३३१.८३ | ११३४१६६८.१७ | ०.०० |

## कोषको अवस्था

बैंकको नाम : एकल कोष खाता

जम्मा निकाशा १८,४५८,३३१.८३

जम्मा खर्च १८,४५८,३३१.८३

जम्मा खर्चमध्ये पेश्की बाँकी

म्याद ननाघेको १,१४१,०००.००

म्याद नाघेको

पेश्की बाहेक खुद खर्च १७,३१७,३३१.८३

बैंक खाता नं.

बैंक मौज्दात : ०.००

नगद मौज्दात : ०.००

जम्मा : ०.००

भुक्तानी हुन बाँकी दायित्व ०.००

| तयार गर्ने | सिफारिस गर्ने | स्विकृत गर्ने |
|---|---|---|
| दस्तखत | दस्तखत | दस्तखत |
| नाम : | नाम : | नाम : |
| दर्जा : | दर्जा : | दर्जा : |
| मिति : | मिति : | मिति : |

सह-सचिव

## १६. आयोगबाट सम्पन्न गरिएका अन्य कार्यहरुः

- हेलो सरकार बमोजिम यस सचिवालयको Face book Account खडा गरी अद्यावधिक गर्दै आएको छ।(हालसम्म कुनै जनगुनासो प्राप्त नभएको)
- दैनिक प्रशासनिक कार्यहरु समयमै सम्पादन गरिएको।

## १७. आयोगसँग संलग्न संघ/संस्थाहरुको विवरणः

यस सचिवालयको सचिवालयले निम्नानुसारका संघ संस्थाहरुसँग पनि संलग्न रही कार्य गरिरहेको छः

(१) International Commission on Large Dam (ICOLD)
(२) World Energy Council (WEC)
(३) Nepal Water Partnership : Global Water Partnership को नेपाल इकाई सदस्यको रुपमा कार्यरत
(४) World Bank
(५) Asian Development Bank (ADB)
(६) Network of Asian River Basin Organizations (NARBO)
(७) Water Environment Partnership in Asia (WEPA)
(८) The Common wealth Scientific Industrial Research Organization (CSIRO)
(९) Program for Aquatic Natural Resources Improvement (PANI)
(१०) International Centre of Excellence in Water Resources Management (ICEWaRM)

## १८. कार्यालय प्रमुख र सूचना अधिकारीको नामः

प्रमुखः सचिव, देवेन्द्र कार्की
सूचना अधिकारीः शाखा अधिकृत श्री कुमारी तारा घिमिरे

## १९. ऐन नियम निर्देशिकाको सूचीः

- पानी कर ऐन, २०२३
- जलस्रोत ऐन, २०४९
- पानी जहाज दर्ता ऐन, २०२७
- नेपाल खानेपानी संस्थान ऐन, २०४६
- नेपाल विद्युत प्राधिकरण ऐन, २०४१
- जलचर संरक्षण ऐन, २०१७
- विद्युत चोरी नियन्त्रण ऐन, २०५८
- विद्युत ऐन, २०४९
- खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३
- खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३
- उपभोक्ता संरक्षण ऐन, २०५४
- विकास समिति ऐन, २०१३
- वातावरण संरक्षण ऐन, २०५३
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९
- वन ऐन, २०४९
- औद्योगिक व्यवसाय ऐन, २०४९
- जग्गा प्राप्ति ऐन, २०३४

- मालपोत ऐन, २०३४
- खानेपानी नियमावली, २०५५
- खानेपानी सेवा महसुल (असूल उपर गर्ने) नियमावली, २०५०
- विद्‌युत महसुल निर्धारण नियमावली, २०५०
- विद्‌युत नियमावली, २०५०
- विद्‌युत चोरी नियन्त्रण नियमावली, २०५९
- सिंचाइ नियमावली, २०५६
- जलयात्रा नियमावली, २०६३
- जलस्रोत नियमावली, २०५०
- जीवनाशक विषादी नियमावली, २०५०
- भू तथा जलाधार संरक्षण नियमावली, २०४२
- National Water Plan
- Hydropower Development Policy, 2001 AD
- Hydropower Development Policy, 2049 BS
- Irrigation Policy, 2060

जलश्रोत ऐन, २०५०
जलश्रोत रणनीति, २०५८
जलश्रोत योजना, २०६१
आर्थिक कार्य विधि ऐन, २०५५
आर्थिक कार्य विधि नियमावली, २०६४
सार्वजनिक खरीद ऐन, २०६३
सार्जजनिक खरीद नियमाली, २०६४
भ्रमण खर्च नियमावली, २०६४
नेपाल सरकारका निर्णयहरु

- ऊर्जा आयोगको वेभ साइट www.wecs.gov.np मा ऊर्जा आयोगको सूचनामूलक जानकारीहरु उपलब्ध छन्।
- आयोगको महत्वपूर्ण निर्णय वा जनकारीहरु प्रेस विज्ञपति वा प्रवक्तामार्फत जानकारी दिने गरिएको छ।

**२०. सार्वजनिक निकायको वेवसाइट भए सो को विवरणः**
www.wecs.gov.np

**२१. इमेलः wecs@mos.com.np**
सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः हालसम्म लिखित निवेदन प्राप्त भएको छैन।केही इमेल र टेलिफोनबाट सूचना माग भए बमोजिम सूचना प्रदान गरिदैं आइएको छ।

**२२. सार्वजनिक निकाएमा सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरणः**
आयोगको वेवसाइट तथा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित गर्ने गरिएको छ।

**२३. यस सचिवालयका हालका अवधिमा प्रकाशन भएका प्रतिवेदन विवरणः**

१. Water and Energy Commission Secretariat (Annual Report, 2069/70)

2. Energy Consumption Situation in Nepal (Year 2011/12), June 2014

विगतका वर्षहरुमा प्रकाशनमा आएका प्रतिवेदनहरु यस सचिवालयको पुस्तकालय शाखामा उपलब्ध छ।जसको लिन्क http://www.nepaknol.net/wecs/library/opac_css/ रहेको छ।